# पब्लिक सर्भिस कमिशनको सूचना नं. १

स्वास्थ्यविभागअन्तर्गत तपसीलका अस्पतालहरूलाई तपसीलबमोजिमको योग्यता र तलका जम्मा ५ पाँच जना डाक्टरहरू चाहिएका छन्। प. स. क. दरखास्त फाराममा आगामी २०१० श्रावण २१ गते रोज ४ (५ अगस्त १९५३) सम्ममा उम्मेद्वारहरूले तलको ठेगानामा दरखास्त दिनुहोला।

१. पदः— (क) दाङ, भोजपुर र विराटनगर अस्पतालकानिमित्त गजेटेड।
(ख) जलेश्वर र डोटी अस्पतालका निमित्त नन् गजेटेट।
सबै पद स्थायितथा पेन्सन पाइने हुन।

२. आवश्यक न्यूनतम योग्यताः— (क) पदलाई एम्. बी. बी. एस्. वा एम्. बी.
(ख) पदलाई एल्. एम्. एफ्.।

३. मासिक तलबको स्केलः— (क) लाई कंरु १८०—२६० र महंगी भत्ता कंरु २०।
(ख) लाई कंरु १४०—२८० र महँगीभत्ता कंरु २०।

४. प्रोबेशन कालः— ६ महिना।

५. थप सहुलियतः— बसजाएको फ्री क्वार्टर र आउँदाको बाटो खर्च।

दरखास्त फाराम तलको ठेगानामा पाइन्छ।

खड्गमान मल्ल, एम्. ए.
सेक्रेटरी—पब्लिक सर्भिसकमिशन
सिंहदरबार

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।